आज मिति २०८३ साल वैशाख १० गते विहान ८:०० बजे विहीवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ७१ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाहज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क्र सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका संदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| सहयोगी कर्मचारीहरु | | | | |
| १ | श्री नेम बहादुर खत्री | योजना अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | ई श्री पवन कुमार कार्की | पूर्वाधार विकास शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री वीरेन्द्र बहादुर रावत | शिक्षा अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | | | | |
| ५ | | | | |

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द, दैलेख
कर्णाली प्रदेश, नेपाल

२०८३/१/१०

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०१/१० गतेको ७१ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं.१

अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं.२

आ व २०८३।०८४ का लागि कर्णाली प्रदेश सशर्त अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना तथा कार्यक्रम छनोट गरी प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ३

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारको १०० बुँदे कार्यसूची कार्यान्वयन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं ४

अन्तरसरकारी वित्त परिपषद्को १२ औं बैठकका निर्णयहरु कार्यान्वयन सम्वन्धमा ।

प्रस्ताव नं ५

जलवायू परिवर्तन स्थानीय अनुकूलन लक परियोजना अन्तर्गत पदपूर्ति समितिबाट सिफारिस भई नियुक्त भएका लक अधिकृत,सब ईन्जिनियर र जलश्रोत प्राविधिकको करार सेवा सम्झौता अनुमोदन सम्वन्धमा ।

प्रस्ताव नं ६

विविध समसामयिक अन्य विषयहरु

६ (१).भूमिहीन दलित/भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुका लागि वडा स्तरमा ७/१५ दिने सूचना प्रकाशन तथा प्रमाणिकरण सम्वन्धमा ।

६ (२). भेरियशन अर्डर स्वीकृत गर्ने सम्वन्धमा।

६ (३). गाउँपालिकाको प्रशासनिक भवनको लागत अनुमान स्वीकृत गर्ने सम्वन्धमा ।

६ (४). विज्ञान प्रविधि सम्बन्धी प्रयोगशाला निर्माण सम्वन्धमा ।

६ (५).दशरथ मा वि प्याडुलीको कम्प्युटर ल्यापटप जस्ता विद्युतीय उपकरण मर्मत सम्वन्धमा ।

६ (६). लिवर्ड संस्थाद्वारा सञ्चालित नेपाल परागसेचन परियोजना अन्तर्गत मौरीपालन कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिकाका वडा छनौट गर्ने सम्वन्धमा ।

६ (७). कानुनी सल्लाहकार नियुक्ति गर्ने सबन्धमा ।

६ (८). ठाटीकाँध गाउँपालिकाको तर्फबाट अख्तियारी सहित प्रतिनिधि तोक्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन बारे समिक्षा भयो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनमा तत्परता कायम गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं १ माथि छलफल गर्दा प्रस्ताव नं १ माथि छलफल गर्दा यसपूर्वका कार्यपालिका बैठकका निर्णय कार्यान्वयन बारे समिक्षा भयो र कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु कार्यान्वयनमा तदारुकता कायम गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। साथै गाउँपालिकाको सेवा प्रवाहलाई छिटो छरितो र प्रभावकारी बनाउँन र स्वीकृत योजना तथा कार्यक्रम समयमै सम्पन्न गर्न र योजना अनुगमन कार्यलाई प्रभावकारी बनाउन अनुगमन समिति र प्रमुख प्रशासकीय अधिकृत मार्फत सबै शाखा प्रमुखहरु र वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा आ व २०८३।०८४ का लागि कर्णाली प्रदेश सशर्त अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना तथा कार्यक्रम छनोट गरी प्रस्ताव पेश गर्न श्री कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०८३।०१।०८ मा प्रकाशित सूचना अनुसार कर्णाली प्रदेश सशर्त अनुदान (पहिलो संशोधन समेत) कार्यविधि २०८२ का आधार र मापदण्ड वमोजिम देहायका योजना तथा कार्यक्रम छनोट गरी तोकिएकै समयसीमाभित्र प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| क सं | योजना तथा कार्यक्रमको नाम | योजनास्थल | कैफियत |
|---|---|---|---|
| १ | पुलवजार मटेला गाईधारा माईकाथान सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा वडा नं १,३ र ४ | |
| २ | ठाटीकाँध पिपलचौतारा प्याडुली माझा ज्यामीचौर मदानताल पर्यटकीय सडक निर्माण तथा स्तरोन्नति | ठाटीकाँध गा पा वडा नं १,२,४ र ३ | |
| ३ | वडा कार्यालय भवन निर्माण | ठाटीकाँध गा पा वडा नं ४ | |
| ४ | मालिका मा वि ठिमुरे घेरवार तथा फिल्ड निर्माण | ठाटीकाँध गा पा वडा नं ५ | |
| ५ | मालिका मा वि पाँचला फिल्ड निर्माण | ठाटीकाँध गा पा वडा नं ६ | |

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारको १०० बुँदे कार्यसूची बारे कार्यपालिका बैठकमा छलफल भयो । उक्त कार्यसूचीमा समावेश भएका र स्थानीय तहसँग सम्वन्धित उपयुक्त बुँदाहरु यस गाउँपालिकाबाट समेत आवश्यक कार्ययोजना बनाई तदारुकताकासाथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा अन्तरसरकारी वित्त परिषद्को १२ औं बैठकका निर्णयहरु कार्यान्वयनका लागि श्री कर्णाली प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय सुर्खेतवाट भएको परिपत्र वमोजिम स्थानीय तहसँग सम्वन्धित बुँदाहरु कार्यान्वयनका लागि पहल गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा मिति २०८२।११।२८ मा प्रकाशित सूचना अनुसार विज्ञापन नं ०४-०८२।८३ देखि ०६-०८२।८३ सम्मका लागि क्रमश:जलवायू परिवर्तन स्थानीय अनुकूलन लक परियोजना अन्तर्गत पदपूर्ति समितिबाट सिफारिस भई मिति २०८३।०१।०२ मा नियुक्त भएका तपसिल बमोजिमका लक अधिकृत,सब ईन्जिनियर र जलश्रोत प्राविधिकको मिति २०८३ साल आषाढ मसान्तसम्मका लागि भएको करार सेवा सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।साथै विज्ञापन नं ०७-०८२।८३ सामाजिक परिचालक पदका लागि श्री जिल्ला प्रशासन कार्यालय दैलेखमा उजुरी निवेदन परेकोमा उक्त कार्यालयबाट मिति २०८२।१२।२७ मा भएको जानकारी पत्रानुसार अनुभवको प्रमाणपत्र दिने संघसंस्थासँग पत्राचार गरी प्राप्त हुने कागजातका आधारमा यथार्थ र वास्तविकका बुझी सोही बमोजिम पदपूर्ति प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

| क सं | विज्ञापन नं | पद तथा तह | सफल भएका उम्मेद्वारको नाम थर | ठेगाना |
|---|---|---|---|---|
| १ | ०४-०८२।८३ | लक अधिकृत छैटौं तह | श्री हरिकृष्ण थापा | नारायण नपा १ दैलेख |
| २ | ०५-०८२।८३ | सबईन्जिनियर पाँचौं तह | श्री भरत प्रसाद रिमालवडा | दुल्लू नपा ५ दैलेख |
| ३ | ०६-०८२।८३ | जलश्रोत प्राविधिक चौथो तह | श्री भीम प्रसाद दशौंदी | सिंजा गा पा १ जुम्ला |

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा विविध अन्य विषयहरु सम्बन्धी निर्णयहरु देहाय गर्ने निर्णय गरियो ।

तपसिल

६ (१).

भूमि समस्या समाधान आयोग जिल्ला समिति दैलेखको चलानी नं ५७ र मिति २०८२।१२।२६ को परिपत्रानसार प्राप्त कार्ययोजना बमोजिम भूमिहीन दलित/भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुका लागि वडा स्तरमा ७/१५ दिने सूचना प्रकाशन तथा कार्ययोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

६(२).

यस गाउँपालिकामा चालु आ व मा सञ्चालित निम्न योजनाको निर्माण कार्य गर्दा केही हेरफेर गरी बढी काम गर्नु पर्ने भएकाले सम्बन्धित वजेट शीर्षकबाट नै खर्च हुने गरी देहाय अनुसार भेरियसन अर्डर गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो

तपसिल

भेरियसन सम्बन्धी विवरण

| क सं | योजनाको नाम | शुरु लागत अनुमान मु अ कर र पि एस सहित रु | शुरु सम्झौता मु अ कर र पि एस सहित रु रु | संशोधित लागत अनु मान रु | संशोधन गरी कायम हुने सम्झौता मु अ कर र पि एस | सृजना हुने थप दायित्व मु अ कर र पि एस सहित |
|---|---|---|---|---|---|---|

| | | | | | सहित रु | रु |
|---|---|---|---|---|---|---|
| १ | सरस्वती आ वि बुढाआग्र फिल्ड निर्माण तथा घेरवार ठाटीकाँध गाउँपालिका वडा नं ५ TRM/DLK/NCB/SABFN/04/2082/083 | ३१००५३४।४८ | २५८६९४०।१९ | ३३४४३०८।३४ | २२०७८२९।५२ | -३७९११० ।६७ |

६ (३).

यस ठाटीकाँध गाउँपालिकाको प्रशासनिक भवन निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन र चालु आ व को जिल्ला दररेट समेतका आधारमा तयार भएको प्राविधिक लागत अनुमान र वोलपत्र सम्वन्धी कागजातहरु स्वीकृत गर्ने र सोही वमोजिम वोलपत्र आहानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

६ (४).

चालु आ व को शैशिक अनुदान तर्फको विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत विज्ञान प्रविधि सम्वन्धी प्रयोगशाला निर्माणका लागि विनियोजित रकम रु १० लाख शिक्षक सहकर्मी वैठकको सिफारिस अनुसार श्री ने रा आ वि धामीगाउँलाई छनोट गर्ने निर्णय गरियो ।

६ (५).दशरथ मा वि प्याडुलीको कम्प्युटर ल्यापटप जस्ता विद्युतीय उपकरण विद्युत सर्ट भई आगलागी हुँदा प्रयोग गर्न नसकिने भएकाले सो उपकरण मर्मतका लागि वजेट माग भई आएकाले उक्त विद्यालयलाई गाउँपालिकाको मर्मत संभार कोषवाट रु ५० हजार उपलव्ध गराउने ।

६ (६). लिवर्ड संस्थाद्वारा सञ्चालित नेपाल परागसेचन परियोजना अन्तर्गत मौरीपालन कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिकाका वडा नं २ र ४ छनौट गर्ने निर्णय गरियो ।

६ (७). ठाटीकाँध गा पा वडा नं ३ दैलेख निवासी अधिवक्ता उपेन्द्र कुमार रावत, दुल्लू नपा १० दैलेख निवासी अधिवक्ता नमराज योगी र वीरेन्द्रनगरनगर नपा वडा नं १० सुर्खेत निवासी अधिवक्ता लोकप्रसाद गौतमले मिति २०८२।१०।२८ मा श्री उच्च अदालत सुर्खेतमा दायर गरेको रिट नं ०८२-WO-००३५ को मुद्दा सम्वन्धी लिखित जवाफ तयार गर्न, अदालतमा आवश्यक वहस पैरवी गर्न र सो सम्वन्धी अन्य कामकाजका लागि कानुनी सल्लाहकारको रुपमा अधिवक्ता प्रमाणपत्र नं २२७८७ का दैलेख जिल्ला भैरवी गाउँपालिका वडा नं ६ निवासी अधिवक्ता श्री धिरेन्द्र सापकोटालाई तोकेने निर्णय गरियो ।

६ (८). ठाटीकाँध गा पा वडा नं ३ दैलेख निवासी अधिवक्ता उपेन्द्र कुमार रावत, दुल्लू नपा १० दैलेख निवासी अधिवक्ता नमराज योगी र वीरेन्द्रनगरनगर नपा वडा नं १० सुर्खेत निवासी अधिवक्ता लोकप्रसाद गौतमले मिति २०८२।१०।२८ मा श्री उच्च अदालत सुर्खेतमा दायर गरेको रिट नं ०८२-WO-००३५ को मुद्धा सम्वन्धी सम्पूर्ण कामकाज गर्नका लागि उक्त मुद्धाका प्रतिवादी श्री स्थानीय विपद् व्यवस्थापन शाखा ठाटीकाध गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय लकान्द्र दैलेखमा कार्यरत शाखा प्रमुख सहायक स्तर चौथो तहका श्री श्री दिपक वहादुर रावल क्षेत्रीलाई जिम्मेवारी दिने निर्णय गरियो ।

ठाँटीकाँध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लकान्द्र, दैलेख
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत